# तिलोत्तमा नगरपालिकामा रेविज बिरुद्धको खोप

बुटवल, ६ (बुटवलटुडे) भदौ- बिश्व बजारमा पछिल्लो समय जनावरको टोकाईबाट मृत्यु हुनेको संख्या बद्दो छ। बिशेष गरेर घरपालुवा जनावर कुकुर, बिरालो, चमेरा, फ्याउरोको टोकाईबाट बर्षमा हजारौं मानिसको मृत्यु हुने गरेको छ भने नेपालमा पनि हरेक बर्ष ३० देखि ४० जनासम्म मानिसहरू जनावरको टोकाईबाट मृत्यु हुने गरेको कार्यक्रममा बोल्ने बक्ताहरूले बताएका छन्।

१६ औं बिश्व रेबिज दिवसको अवसर पारेर तिलोत्तमा नगरपालिका र नेपाल पाराभेटेनरी एण्ड लाईभष्टक संस्थाको आयोजनामा गरिएको कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चापागाईले निःशुल्क रेबिज खोप सुरु गरेको बताए। जिल्ला समन्वयन समितीले बजेट छुट्टाएर रेबिज रोग बिरुद्ध खोप र छाडा जनावरहरूलाई बन्ध्याकरण अभियान समेत सुरु गर्न लागेको बताए । पहिलो चरणमा सिद्धार्थ नगरपालिका र तिलोत्तमा नगरपालिकामा यो अभियान सुरु गर्ने चापागाईले बताए। रेबिज रोग रोकथाम गर्न खोप कार्यक्रमलाई नियमित गर्ने र रोगलाई समयमा पहिचान गर्न सके यस्ता रोगहरूको रोकथाम गर्न सहज हुने बताए। तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले रेबिज रोग नलागोस भनेर नगरभित्र रहेका छाडा कुकुरहरूलाई खोप लगाउन सुरु गरिएको बताए।

यो रोग आफैमा डरलाग्दो भएकाले र बिश्वमा धेरै मानिसहरू रोग के हो भन्ने नबुझेका कारण मृत्यु भैरहेको भन्दै तिलोत्तमा नगरपालिकामा पहिलो चरणमा छाडा कुकुरहरूलाई लगाउने र आउँदा दिनमा किसानका घर घरमा पालीएका गाई बस्तुहरूलाई समेत खोप लगाउने योजना रहेको बताए । प्रमुख खाँडले भने नगरभित्र रहेका छाडा कुकुरहरूलाई बन्ध्याकरण गर्न लागीएको बताए। तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत नारायण अर्यालले रेबिज रोग रोकथाम गर्न सबै समुदाय लाग्नुपर्ने बताए।

यो रोग जनावरको टोकाईबाट लाग्ने हुँदा छाडा जनावरबाट जोगिनु जरुरी रहेको भन्दै रेबिज रोग नलागोस भन्नका लागि खोपनै पहिलो उपचार रहेको बताए। डा. लक्ष्मण घिमीरेले रेबिज रोग रातो रगत र तातो शरीर हुने हरूमा लाग्ने भन्दै यस किसिमका रोग लाग्नै नदीन खोपलाई अनिवार्य गर्नुपर्ने बताए। रेबिज रोग एक किसीमको डरलाग्दो रोग र यो रोग लागे मानिस होस वा जनावरहरूको समेत मृत्यु हुने हुँदा घर पालुवा जनावरलाई समेत समय समयमा रेबिज बिरुद्धको खोप लगाउनु जरुरी रहेको बताए।

बिशेष गरेर कुकुर, चमेरा फ्याउरोमा यो रोग धेरै हुने हुँदा यसबाट सजक र सतर्क रहन समेत आग्रह गरे। कुनै जनावरले मानिसलाई टोके च्याल निकाले तत्काल उपचारमा जानुपर्ने भन्दै सरकारले रेबिज बिरुद्धको खोपलाई घर पालुवा छोडुवा सबैलाई अनिवार्य गरेमात्र रोगबाट बच्न सकिने बताए । तिलोत्तमा वडा नम्बर ४ का वडा अध्यक्ष रमेश डुम्रे वडा नम्बर २ का डिल बहादुर भट्टराई वडा नम्बर ३ का कल्याण पौडेल पिताम्बर खरेलले रेबिज रोग रोकथाम गर्नु जरुरी रहेको भन्दै नगरभित्र छाडा जनावरलाई खोपको ब्यवस्था गर्नुपर्ने बताए।

# सवारी चालकको स्वास्थ्य परिक्षण

चन्द्रौटा (बुटवलटुडे) ६ असोज - कपिलवस्तुको शिवराज नगरपालिका-५ चन्द्रौटामा सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सवारी चालकहरूको स्वास्थ्य परिक्षण तथा जनचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ। जिल्ला ट्राफिक कार्यालय गोरुसिंगेले ‘सडक सुरक्षा आजको आवश्यकता’ भन्ने मूल नाराका साथ सवारी चालकहरूको स्वास्थ्य परिक्षण तथा दुर्घटनाबाट बच्नका लागि चेतनामुलक कार्यक्रम गरिएको आयोजकले जनाएको छ। बिहिबार महेन्द्र राजमार्ग भएर हिँड्ने सवारीलाई रोकी चालकको स्वास्थ्य अवस्था जाँच र ट्राफिक नियम बारे जानकारी समेत गराएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका सांसद अर्जुन कुमार केसीले अधिकांश जनतालाई र सवारी चालकलाई ट्राफिकको नियम बारे थाहा नहुँदा सडक दुर्घटनामा परि अकालमै ज्यान गुमाउनु परेको बताए। बाटोमा हिड्दा, बाटो काट्दा आफूलाई राइट साइड थाहा नभएपछि मानिस दुर्घटनामा पर्ने गरेको बताउँदै विद्यार्थी ट्राफिकको नियम बारे सिकाउनु आवश्यक रहेको उनले बताए।

## महाराजगंज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**महाराजगंज, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

### प्राबिधिक बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना ।

**सूचना प्रकाशित मितिः २०७९/०६/०७**

यस कार्यालयको तपशिल बमोजिम मिति २०७९/०४/०२ को बिद्युतीय मध्यमबाट निर्माण कार्यको लागी राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना मार्फत बोलपत्र आव्हान गरिएकोमा रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताहरूले प्राबिधिक बोलपत्र पेश गरेका प्राबिधिक बोलपत्र मूल्याङ्कन तथा सारभूत रूपमा प्रभावकारी रहेका भनि बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धितहरूको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

ठेक्का नं. 01/KPIL/MM/RD/WORKS/2079-080 (योजना) **Ward no. 9 Shivbhari Boarder Sadak Dhekhi Mujahana Mujanhani Alga Hardauna Sadak Stharunnati Kaplopatre**

| सि. नं. | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| १ | Green Peace Builder Pvt. Ltd. |

**प्रमुख प्रशासकिय अधिकृत**

## देवदह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**केरवानी, रूपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०७)**

यस देवदह नगरपालिकाको नगर अस्पताल संचालनका लागि देहाय बमोजिमको पदहरूमा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको सम्पूर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन मिति २०७९/०६/०६ गतेको पदपूर्ति समितिको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। आवेदन फारम यस देवदह नगरपालिकाको कार्यालयबाट वा कार्यालयको वेबसाईट www.devdahamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**तपशिलः**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ८/०७९-०८० | स्टाफ नर्स | पाँचौं तह | २ (दुई) | रु. ५००/- | |
| २. | ९/०७९-०८० | ल्याब टेक्निसियन | पाँचौं तह | १ (एक) | रु. ५००/- | |
| ३. | १०/०७९-०८० | रेडियोग्राफर | पाँचौं तह | १ (एक) | रु. ५००/- | |
| ४. | ११/०७९-०८० | फार्मेसी सहायक | पाँचौं तह | १ (एक) | रु. ५००/- | |
| ५. | १२/०७९-०८० | कार्यालय सहयोगी | श्रेणी विहिन | १ (एक) | रु. ३००/- | |

**योग्यता**

- नेपाली नागरिक हुनुपर्ने।
- नैतिक पतन देखिने गरि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

१. **न्युनतम शैक्षिक योग्यता**

- **स्टाफ नर्सः** मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL नर्सिङ्ग वा सो सरह उत्तीर्ण भई नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने।
- **ल्याब टेक्निसियनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्ने।
- **रेडियोग्राफरः** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको हुनुपर्ने।
- **फार्मेसी सहायकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको हुनुपर्ने।
- **कार्यालय सहयोगीः** कक्षा ८ वा सो सरह उत्तीर्ण।

२. **उमेरः** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको।
३. **दरखास्त बुझाउने स्थानः** देवदह नगरपालिका नगरकार्यपालिकाको कार्यालय केरवानी रुपन्देही।
४. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०६/२१ गते कार्यालय समय सम्म।
५. **परिक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता र कार्यालय सहयोगी पदका लागि अन्तरवार्ता मात्र।
६. **आवश्यक कागजातः** (**क**) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (**ख**) हालसालै खिचिएको २ प्रति पासपोर्ट साइजको फोटो। (**ग**) दरखास्त दस्तुर बुझाएको रसिद (**घ**) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि (**ङ**) सम्बन्धित पदका लागि चाहिने दर्ता प्रमाणपत्रको प्रतिलिपि (**च**) अनुभव प्रमाणपत्रको प्रतिलिपि।
७. **सेवा सुविधाः** करार सम्झौता बमोजिम।
८. **करार अवधीः** २०८० अषाढ मसान्त सम्म र कार्य सम्पादनका आधारमा नविकरण गर्न सकिनेछ।
९. **परीक्षाको मितिः** पछि प्रकाशन गरिनेछ।
१०. अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**द्रष्टव्यः** अन्य जानकारीका लागि यस नगरपालिकाको कार्यालय वा सम्पर्क नं. ९८४७०२७४३४ मा सम्पर्क गर्नुहोला।

**देवदह नगरपालिका**

# हार्दिक श्रद्धाञ्जली



**स्व. मनबीर गर्बुजा पुन मगर**

**जन्मः** १९८९ पौष १५ गते

**स्वर्गारोहणः** २०६८ असोज ७ गते



**स्व. माया गर्बुजा पुन मगर**

**जन्मः** १९९९ मंसिर १५ गते

**स्वर्गारोहणः** २०७६ चैत्र १ गते

हाम्रा प्रातः स्मरणीय श्रद्धेय बुबा वरिष्ठ समाजसेवी **स्व. मनबीर गर्बुजा पुन मगर** को स्वर्गारोहण भएको आज ११ औं वार्षिक पुण्यतिथि तथा हाम्रा प्रातः स्मरणीय ममतामयी माता **स्व. माया गर्बुजा पुन मगर** को तेस्रो वार्षिक पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै उहाँहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै हामीप्रति स्नेह, सद्भाव र समवेदना व्यक्त गर्नुहुने समस्त मान्यजन, आफन्तजन, इष्टमित्र, शुभचिन्तक, महानुभावहरु तथा संघसंस्थाहरुप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछौं ।

**छोरा/बुहारीः**
शेर गर्बुजा पुन मगर
शिखा गर्बुजा पुन मगर

**जेठी छोरी/ज्वाईः**
सम्मामाया पुर्जा पुन
श्री प्रसाद पुर्जा पुन

**माईली छोरी/ज्वाईः**
मन कुमारी गुरुङ
धर्म सिंह गुरुङ

**कान्छी छोरी/ज्वाईः**
जुनीकरी शेरपुजा
देव बहादुर शेरपुजा

**नोटः** हाम्रा पुजनीय पिता **मनबीर गर्बुजा पुन मगर** को ११ औं वार्षिक पुण्य तिथि र ममतामयी माता **माया गर्बुजा पुन मगर** को तेस्रो वार्षिक पुण्य तिथिमा २०७९/०६/०७ गते शुक्रबार विहान ११:०० बजे भूपू सैनिक कल्याण क्लब, देवीनगरमा प्रसाद ग्रहण गर्नको लागि उपस्थित भईदिनु हुन अनुरोध छ।

**प्रार्थीः**
**गर्बुजा परिवार**